
Vol.12 नेपाली

भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation



2020.11

# माइ-नम्बर कार्ड भएको व्यक्तिहरूको लागि

## तपाईं "माइन-पोइन्ट" प्रयोग गरे कसो होला?



### "माइन-पोइन्ट" भनेको

माइ-नम्बर कार्ड भएको व्यक्तिले रोजेको इलेक्ट्रोनिक मनी वा क्रेडिट कार्डले चार्ज गरेमा वा किनमेल गरेमा, प्रयोग गरेको 25% को पोइन्ट (5,000 येनसम्म) पाउन सकिन्छ।




**कहिले**

2021 साल मार्च 31 तारिखसम्म (यो मिति भन्दा अगाडि नै म्याद समाप्त हुन पनि सक्छ)

**कहाँ**

**1 Web द्वारा आवेदन**

माइ-नम्बर कार्ड प्रयोग गर्न सकिने स्मार्ट फोन वा IC कार्ड रिडरराइटर भएको कम्प्यूटरबाट आवेदन दिन सकिन्छ।

**2 काउन्टरमा आवेदन**

ओता सहरले आफैले माइन-पोइन्टको आवेदन दिन गाह्रो हुने व्यक्तिहरूको लागि सेटिङ सहयोग प्रदान दिइरहेको छ।
*संक्रमण नियन्त्रण तथा रोकथामको लागि सकेसम्म Web द्वारा आवेदन दिनुहोस्।

1 ओता सहर कार्यालय मुख्य भवन 1F उत्तर लबी

2 ओता सहर माइ-नम्बर कार्ड सेन्टर (ओिा सहि, सान्नो 2-3-7)

**खुला समय**

सोमबार~शुक्रबार 9:00 am~6:30 pm
शनिबार र आइतबार 9:00 am~4:30 pm
(महिनाको तेस्रो शनिबार र त्यसको भोलिपल्टको आइतबार, सार्वजनिक बिदा र वर्षको अन्त्य तथा सुरुको अवधि बाहेक)

**लिएर आउनुपर्ने कुरा**

आफ्नो माइ-नम्बर कार्ड
दर्ता गर्ने योजना बनाएको क्यास-लेस भुक्तानी सेवाको "भुक्तानी सेवा ID" र "सेक्युरिटी कोड"

**शुल्क** निशुल्क

**आवेदन दिने तरिका** Web वा काउन्टर

**सम्पर्क**

**आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय, माइ-नम्बर समग्र फ्रि डायल**

☎ 0120-95-0178 *जापानी भाषाको लागि 5 नम्बर चयन गर्नुहोस्।

☎ 0570-010076 *अंग्रेजी, चाइनिज, कोरियन, स्पेनिश र पोर्चुगिज भाषाहरू उपलब्ध छ

(हरेक दिन: 9:30 am~ 8:00 pm)

URL https://mynumbercard.point.soumu.go.jp/

**ओता सहर माइ-नम्बर कल सेन्टर**

☎ 0570-03-3370 *जापानी, अंग्रेजी, चाइनिज र कोरियन भाषाहरू उपलब्ध छ

FAX 050-3737-9318

(सोमबारदेखि शुक्रबार 9:00 am~5:00 pm)

URL https://www.city.ota.tokyo.jp/kuseijoho/mynumber/tetuduki/mykeyid-mynupoint.html



# ओता सहर स्वयम् सेवक जापानी भाषा क्लासको जानकारी

ओता सहरमा स्वयम् सेवकद्वारा सञ्चालन गरिने जापानी भाषाको क्लासहरू धेरै छन्। कामाता क्षेत्र र ओमोरी क्षेत्रमा विभाजन गरी जापानी भाषाको क्लासको जानकारी दिन्छौँ। यी जापानी भाषाको क्लासमा सिक्न चाहने व्यक्तिले सिधै सम्बन्धित जापानी भाषाको क्लासको सम्पर्कस्थानमा सम्पर्क गर्नुहोस्।

*ध्यान दिनुहोस्: नोभल कोरोनाभाइरसको असरले गर्दा केही क्लासहरू अनलाइन मार्फत भइरहेका छन् भने केही क्लासहरू बन्द गरिएको छ। यदि तपाईं क्लास लिन चाहनुहुन्छ भने, अनिवार्य रूपमा क्लासमा सम्पर्क गरेपछि मात्र सहभागी हुनुहोस्।

## ओता सहरमा स्वयम् सेवकहरूद्वारा सञ्चालित जापानी भाषाको क्लास (कामाता)(हाल 2020 साल सेप्टेम्बर 15 तारिख)

| समूहको नाम | लक्षित व्यक्तिहरू | बार | समय | स्थान / ठेगाना | सम्पर्क | शुल्क | पाठ्यक्रम | अधिकांश विद्यार्थीको राष्ट्रियता |
|---|---|---|---|---|---|---|---|---|
| निहोङ्गो WITH | सबैजना (तर 16 वर्ष वा सोभन्दा बढी हुनुपर्नेछ।) | सोमबार | 7:00 pm ~ 8:30 pm | फुरेआई हासुनुमा निसी कामाता 3-19-1 | मियासिता ताकेतोमो (फोनमा कुरा गर्न सकिने समय: सोमबारदेखि शुक्रबार 5:00 pm पछि वा शनिबार मात्र) ☎ 090-1460-0357 nihongowith7@gmail.com | हप्तामा 1 पटक ¥1,000/महिना | प्रारम्भिकदेखि माध्यमिक मुख्यतया "मिन्नानो निहोंगो" | |
| OCNet (विदेशी नागरिकहरू सँगसँगै जीवन बिताउने ओता सिमिन नेटवर्क) | सिकारु | बुधबार | 7:00 pm ~ 8:45 pm | | OCNet कार्यालय टेलिफोन र फ्याक्स: ☎ - Fax 03-3730-0556 तेनम्योउ नाओको ☎ 090-8594-2397 | हप्तामा 1 पटक ¥1,000/ महिना हप्तामा 2 पटक भन्दा वा सोभन्दा बढी ¥2,000/ महिना | अनलाइन क्लास सञ्चालन समूहगत अध्ययन क्लास सकिए पछि चियाको समय ऋतु अनुसारको इभेन्ट (हिनामाचुरी आदि) "मिन्नानो निहोङ्गो I, II" | नेपाली भियतनामी चाइनिज |
| | | शुक्रबार | 10:00 am ~ 11:30 am | | | | | |
| | प्राथमिक तथा निम्न माध्यमिक विद्यालयका विद्यार्थिहरू | बुधबार | 3:30 pm ~ 5:00 pm | | | हप्तामा 1 पटक ¥1,000/ महिना हप्तामा 2 पटक वा सोभन्दा बढी ¥1,500/ महिना | | चाइनिज |
| | | शनिबार | 1:30 pm ~ 2:40 pm | | | | | |
| निहोङ्गो कोउरियू क्लब | हिरागाना पढ्न र लेख्न जान्ने निम्न माध्यमिक विद्यालयको विद्यार्थी वा सोभन्दा माथिल्लो तहका व्यक्तिहरू | शनिबार | 9:30 am ~ 12:00 pm | mics ओता (ताबुन्का क्योउसेई सुईसिन सेन्टर) कामाता 5-13-26-101 | कोइची कुराता ☎ 090-4428-8771 nicokhonda@yahoo.co.jp | ¥1,000/ महिना | अनलाइन क्लास सञ्चालन लेबल अनुसारका 3 क्लासहरू विद्यालयमा जसरी नै पाठ्यपुस्तक प्रयोग गरी क्लास सञ्चालन गरिने "मिन्नानो निहोङ्गो" | चाइनिज ताइवानी फिलिपिनो भियतनामी थाइ |
| हाजिमेतेनो निहोङ्गो | सिकारु | शनिबार | 10:00 am ~ 11:30 am | | होसिनो हिरोको ☎ 080-3205-3649 mignonhoshino@gmail.com (जुनसुकै बेला/अंग्रेजी भाषा OK) | ¥100/1 पटक | बालबालिकाहरू सहभागी हुन नसक्ने हिरागानाको अभ्यासदेखि पाठ्यपुस्तक "मिन्नानो निहोङ्गो" अनलाइन क्लास सञ्चालन समयबारे परामर्श सम्भव | चाइनिज फिलिपिनो भियतनामी |
| निचियोउ निहोङ्गो खाइवा सर्कल | सबैजना | आइतबार | 10:00 am ~ 12:00 pm | | कुबोता नोबुओ ☎ 090-1762-4713 (अंग्रेजी भाषा OK) | ¥50/1 पटक | कुराकानीमा आधारित भई रमाइलोसँग सिक्न सकिने पाठ्यपुस्तक: ईच्छाएको व्यक्तिलाई मात्र | चाइनिज, भियतनामी नेपाली |
| रेगातो ओता | सबैजना | आइतबार | 1:00 pm ~ 3:00 pm (फेब्रुअरी, मार्च, जून, जुलाई, अक्टोबर र नोभेम्बर) | रेगातो ओता कार्यालय निसी कामाता 6-36-14 TKK म्यान्सन पहिलो तल्ला | यामागुची nihongoc-h30@cp.em-net.ne.jp | 1 कोर्ष (8 पटक) ¥2,000 | 1) प्रारम्भिक तहको जापानी भाषाको कोर्ष 2) आधारभूत वाक्य ढाँचा कुराकानी कोर्ष 3) मध्यम तहको जापानी भाषाको कोर्ष 4) जापानी भाषाको बिजनेस कोर्ष - कोर्ष सम्बन्धि जानकारी - *अनलाइन क्लास सञ्चालन | चाइनिज कोरियन थाई भियतनामी नेपाली स्पेनिस फिलिपिनो घानियन |
| हाबाताकी | प्राथमिक तथा निम्न माध्यमिक विद्यालयका विद्यार्थिहरू र उच्च माध्यमिक विद्यालयमा भर्ना हुन चाहने विद्यार्थीहरू | सोमबार बिहिबार | 7:00 pm ~ 9:00 pm | सिन्ज्युकु प्राथमिक विद्यालय कामाता होन्च्योउ 1-5-1 | खावाइ योसिहारु ☎ 080-3520-4689 (12:00 pm ~ रातिको समयसम्म) kawai0316@softbank.ne.jp | हप्तामा 2 पटक ¥1,500/ महिना | प्राथमिक तथा निम्न माध्यमिक विद्यार्थीको विद्यालयको पाठ्यपुस्तक प्रयोग गरी जापानी भाषाको सपोर्ट। सामान्यतया एक शिक्षकले एक विद्यार्थीलाई सपोर्ट गर्ने। पाठ्यपुस्तक: विद्यालयको पुस्तक आदि | चाइनिज, फिलिपिनो |
| मेबाए (हागिनाका) कोदोमो निहोङ्गो नो खाइ | प्राथमिक तथा निम्न माध्यमिक विद्यालयका विद्यार्थिहरू | मंगलबार बिहिबार | 7:00 pm ~ 9:00 pm | हगिनाका प्राथमिक विद्यालय होनहानेदा 3-4-22 | ओकुयामा केसाहिदे ☎ 080-5935-2271 | हप्तामा 2 पटक ¥1,500/ महिना | विद्यालयको पढाइमा सपोर्ट पाठ्यपुस्तक: विद्यालयको पुस्तक आदि | चाइनिज, फिलिपिनो, पाकिस्तानी |
| निहोङ्गो सर्कल खायोउखाइ | सिकारु मध्यम तह | मंगलबार | 10:30 am ~ 12:00 pm | चिदोरी जिदोउखान चिदोरी 3-11-7 | कुरीता चिएको ☎ 03-3751-7592 9:00 am ~ 8:00 pm | ¥1,000/ महिना | "मिन्नानो निहोङ्गो" को प्रयोग गरी क्लास सञ्चालन गरिने | |

## ओता सहरमा स्वयम् सेवकहरूद्वारा सञ्चालित जापानी भाषाको क्लास (ओमोरी) (हाल 2020 साल सेप्टेम्बर 15 तारिख)

| समूहको नाम | लक्षित व्यक्तिहरू | बार | समय | स्थान / ठेगाना | सम्पर्क | शुल्क | पाठ्यक्रम | अधिकांश विद्यार्थीको राष्ट्रियता |
|---|---|---|---|---|---|---|---|---|
| सेईखाचु निहोङ्गो 96 | सबैजना | सोमबार | 10:00 am ~ 12:00 pm | सान्नो खाइखान, कोठा नम्बर 301 ओता सहर, सान्नो 3-37-11 *☎ 03-3773-6284 क्लास संचालन समय भित्र फोन गर्नुहोस् \| | सोमबार 10:00 am ~ 12:00 pm) सान्नो खाइखान, कोठा नम्बर 301 ☎ 03-3773-6284 | ¥250/ 1 पटक | लेबल अनुसारको क्लास विभाजन गरिने लामो समय अगाडि जापान प्रवेश गर्नुभएका व्यक्तिहरू धेरै (हुनुहुन्छ) "मिन्नानो निहोङ्गो" मध्यम तथा उच्च तहको तयारी क्लास पनि छ \| | चाइनिज |
| उगुईसु निहोङ्गो क्योउसिचु | सबैजना | मंगलबार बिहिबार | 7:00 pm ~ 9:00 pm | | uguisu_nihongo@hotmail.com (अंग्रेजी OK) | हप्तामा 1 पटक ¥1,000/ महिना हप्तामा 2 पटक ¥1,500/ महिना | प्रारम्भिकदेखि उच्च तहसम्म पढाइने ऋतु अनुसारको ईभेन्ट (पढाइ बाहेकका अन्तरकृयाहरू पनि) "मिन्नानो निहोङ्गो" | चाइनिज, भियतनामी |
| निहोङ्गो 21 | सबैजना | बुधबार | 10:00 am ~ 11:30 am | | बुधबार 10:00 am ~ 11:30 am सान्नो खाइखान, कोठा नम्बर 301 ☎ 03-3773-6284 | ¥2,000/ महिना | यो क्लासको लक्ष्य विद्यार्थीलाई लेख्न, पढ्न, बोल्न र सुन्न सक्ने बनाउने हो। "बुन्खा स्योक्यु निहोङ्गो।, ॥" | |
| निहोङ्गो सर्कल मोकुयोउखाई | सबैजना | बिहिबार | 10:00 am ~ 12:00 pm | | mokuyouc-h28@ck.em-net.ne.jp (जापानी भाषा) | ¥ 1,000/महिना | प्रारम्भिकदेखि उच्च तहसम्म पढाइने बालबालिका सँगै अध्ययन गर्न सकिने क्लास सकिए पछि चियाको समय अनलाइन क्लास सञ्चालन | चाइनिज फिलिपिनो भियतनामी थाइ ताइवानी भारती नेपाली |
| OCNet (विदेशी नागरिकहरू सँगसँगै जीवन बिताउने ओता सिमिन नेटवर्क) | सिकारु | शुक्रबार | 1:30 pm ~ 3:30 pm | | OCNet कार्यालय टेलिफोन र फ्याक्स: ☎ - Fax 03-3730-0556 तेनम्योउ नाओको ☎ 090-8594-2397 | हप्तामा 1 पटक ¥1,000/ महिना हप्तामा 2 पटक वा सोभन्दा बढी ¥2,000/ महिना | समूहगत अध्ययन क्लास सकिए पछि चियाको समय ऋतु अनुसारको ईभेन्ट (हिनामाचुरी आदि) "मिन्नानो निहोङ्गो I, II" | चाइनिज इन्डोनेशियन |
| निहोङ्गो सलोन | सबैजना OK | शनिबार | 2:00 pm ~ 4:00 pm | | सान्नो खाइखान, कोठा नम्बर 301 ☎ 03-3773-6284 (शनिबार 2:00 pm ~ 4:00 pm) | निशुल्क | लेबल अनुसारको क्लास विभाजन गरिने जापानी भाषामा कुराकानीलाई प्राथमिकता दिइने | |
| Ota निहोङ्गो हिरोबा | सबैजना OK | सोमबार | 7:00 pm ~ 9:00 pm | सान्नो खाइखान, कोठा नम्बर 303 ओता सहर, सान्नो 3-37-11 *☎ 03-3773-8347 क्लास संचालन समय भित्र फोन गर्नुहोस् \| | वाकाता क्योउको waka_k0904@yahoo.co.jp (अंग्रेजी OK) | ¥100/1 पटक | 2 - 3 जनाको समूहमा स्टाफसँग कुराकानी गर्ने शैली जापानी भाषा सुन्ने र जापानी भाषामा कुरा गर्ने अवसर प्रदान गरिने | चाइनिज, फिलिपिनो, भियतनामी |
| | | मंगलबार | 10:00 am ~ 12:00 pm | | | | | |
| निहोङ्गो गुरुरित्तो | विशेष गरी 6 वर्ष देखि 18 वर्षसम्म | सोमबार बुधबार शुक्रबार | 10:00 am ~ 12:00 pm 2:00 pm ~ 4:00 pm | | ईजिमा तोकिको ☎ 03-5709-1347 ☎ 080-3428-5709 info@nihongo-gururitto.com | ¥500/ 1 पटक ¥1,000/1 पटक *स्कूल भर्ना अघिका लागि नि:शुल्क | बालबालिकाको अध्ययनमा सपोर्ट जापानी भाषा तथा विद्यालय सम्बन्धित (विषयगत आदि) पुस्तकहरू प्रशस्त "निहोङ्गो वो मानाबो" पाठ्यपुस्तक सम्बन्धित अन्य | चाइनिज, फिलपिनो |
| जापानीज भाषा क्याफे ओता | 18 वर्ष वा सोभन्दा बढी उमेरको भएमा, जो पनि OK | बुधबार | 7:00 pm ~ 8:30 pm | सेन्जोकुइके लाइबेरी 2Fतामोकु तेकीसीचु ओताकु मिनामीसेनजोकु 2-2-10 | http://bit.do/nihongo_ota | ¥100/1 पटक | कुराकानीमा केन्द्रित अध्ययन | |

**सम्पर्क**

अन्तर्राष्ट्रिय सहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा ☎ 03-5744-1227 FAX 03-5744-1323

URL https://www.city.ota.tokyo.jp/kokusaitoshi/for_foreigners/nihongo_kyositu_multilingual.html

अथवा अन्तर्राष्ट्रिय सहर ओता संघ, बहुभाषी परामर्श काउन्टर ☎ 03-6424-8822

# साइकल हटाउने विषय बारे

## नियम

ओता सहरले "ओता सहर साइकल आदिको उचित प्रयोग तथा साइकल आदिको पार्किङ व्यवस्थापन सम्बन्धी नियम" बनाई साइकल प्रयोग गर्ने व्यक्तिहरूलाई सार्वजनिक स्थल (सडक वा पार्क, स्टेसन अगाडिको ठाउँ जस्ता साइकल पार्किङ बाहेकका ठाउँहरू) मा साइकल पार्क नगर्नुहुन अनुरोध गरिरहेका छौं। सार्वजनिक स्थानहरूमा साइकल राख्यो भने, बालबालिका तथा वृद्धवृद्धा र अपाङ्गता भएको व्यक्तिलाई हिँड्न कठिनाइ हुने, साइकल पल्टेर पैदल यात्रीलाई चोट पुग्ने, विपद्को बेला आपत्कालीन सवारीलाई बाधा पुग्ने जस्ता विभिन्न समस्याहरू निमत्याउने हुनाले यो नियम बनाइएको हो। त्यसकारण **छोटो समय साइकल पार्क गर्ने बेला पनि साइकल पार्किङको प्रयोग गरौं।**

## त्यतिकै छोड्न निषेधित क्षेत्र

साथै यो नियममा ओता सहरको केही क्षेत्रहरूमा "साइकल आदि त्यतिकै छोड्न निषेधित क्षेत्र" तोकी, ती क्षेत्रहरूमा साइकल पाइएमा, साइकल हटाउन सकिने बुँदा समावेश गरिएको छ। मुख्यतया कामाता स्टेसन वरिपरि, ओमोरी स्टेसन वरिपरि जस्ता स्टेसन नजिकका ठाउँहरूलाई "साइकल आदि त्यतिकै छोड्न निषेधित क्षेत्र" बनाइएको छ र ती क्षेत्रहरूमा फोटो जस्तो साइनबोर्ड राखिएको छ।

## साइकल हटाएपछि

ओता सहरले हटाएको साइकल सामान्यतया 30 दिन भण्डारण केन्द्रमा राखिनेछ। भण्डारण म्याद बितिसकेको साइकललाई नष्ट गरिने हुनाले ध्यान दिनुहोस्। सुरक्षा दर्ता गरिएको साइकल भएमा, साइकलधनीलाई साइकल हटाइएको कुरा सूचित गराउन सूचना पठाइन्छ। सुरक्षा दर्ता नगरिएको साइकल भएमा, सूचना पठाउन सकिँदैन। अनिवार्य रूपमा साइकलको सुरक्षा दर्ता गर्नुपर्ने कुरा "साइकलको सुरक्षित प्रयोगको प्रचार तथा साइकल आदिको पार्किङ उपायहरूको व्यापक प्रवर्द्धन सम्बन्धित कानुन" मा तोकिएको छ। तपाईंले सुरक्षा दर्ता गर्नुभएको छैन भने, नजिकको साइकल पसल आदिमा गई सुरक्षा दर्ता गर्नुहुन अनुरोध गर्दछौं।


**सम्पर्क**
शहरी पूर्वाधार विकास व्यवस्थापन
ट्राफिक सुरक्षा तथा साइकल व्यापक योजना जिम्मेवार कर्मचारी
☎ 03-5744-1315　FAX 03-5744-1527


## भण्डारण केन्द्र

ओता सहरको भण्डारण केन्द्रहरू 4 ठाउँमा छन्। साइकल राखेको ठाउँ अनुसार साइकल लगिने भण्डारण केन्द्र फरक हुन्छ। विस्तृत जानकारीको लागि तल हेर्नुहोस्। भण्डारण केन्द्रको फिर्ता गरिने दिन र फिर्ता गरिने समयमा, फिर्ता लिन आवश्यक कुराहरू लिएर आउनुहोस्।

### भण्डारण केन्द्रको संक्षिप्त जानकारी

| | |
|---|---|
| फिर्ता गरिने दिन | सोमबारदेखि आइतबार (तर सार्वजनिक बिदा, बिदा सारिएको दिन र डिसेम्बर 29 तारिख~जनवरी 3 तारिख बाहेक) |
| फिर्ता गरिने समय | 11:00 am देखि 7:00 pm सम्म |
| फिर्ता लिन आवश्यक कुराहरू | (1) परिचय खुल्ने कागजात (रेजिडेन्स कार्ड, सवारी साधन अनुमति पत्र आदि)<br>(2) साइकल आदिको साँचो<br>(3) हटाउन लागेको शुल्क (साइकल 3,000 येन)<br>साइकल सुविधाजनक सवारी साधन हो तर राख्ने ठाउँ अनुसार यसले अरू मान्छेलाई बाधा पुर्‍याउँछ। नियम र मर्यादाको पालना गरी सही तरिकामा प्रयोग गरौं। |

### भण्डारण केन्द्र

- **पहिलो भण्डारण केन्द्र (हेइवाजिमा रिक्योखा भण्डारण केन्द्र)**
  ओता सहर हेइवाजिमा 1-2　☎ 03-3765-5161
  यहाँ ओमोरी क्षेत्र र च्योफु क्षेत्रबाट हटाइएको साइकल लगिन्छ।
- **दोस्रो भण्डारण केन्द्र (तोओहासिखा भण्डारण केन्द्र)**
  ओता सहर हेइवाजिमा 5-1　☎ 03-3765-5162
  यहाँ कामाता स्टेसनको पूर्वी एक्जिटबाट हटाइएको साइकल लगिन्छ।
- **तेस्रो भण्डारण केन्द्र (तोओहासिखा भण्डारण केन्द्र)**
  ओता सहर हेइवा-नो-मोरी पार्क 2 बानसाकी　☎ 03-3765-5163
  यहाँ कामाता स्टेसनको पश्चिम एक्जिट, हासुनुमा स्टेसन आदिबाट हटाइएको साइकल लगिन्छ।
- **चौथो भण्डारण केन्द्र (रोकुगो हासिमोतो भण्डारण केन्द्र)**
  ओता सहर नाकारोकुगो 4-30
  ☎ 03-3736-0372
  यहाँ केइक्यु कामाता स्टेसन, जोउसिकी स्टेसन, कोजिया स्टेसन आदिबाट साइकल लगिन्छ।

*यी भण्डारण केन्द्रहरूमा विदेशी भाषा बोल्न सक्ने कर्मचारीहरू छैनन्।





प्रकाशन　ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
〒144-8621 ओता सहर कामाता 5-13-14　☎ 03-5744-1227　FAX 03-5744-1323